# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## दमक विपद व्यवस्थापन कोष निर्देशिका "२०७४"

प्रस्तावना : विपद मानिसको अधिनमा नहुन सक्छ । आकस्मिक आइपर्ने विपदमा परेका मानिसलाइ सहायता पुर्याउनु मानविय कर्तव्य हो । बर्षाद ,बाढी पैरो, आगलागी, बिद्युत सर्ट, हैजा महामारी भूकम्प आदि विपदका कारण हुन सक्छन र विपदमा परेका व्यक्ति, परिवार , समुदायलाई सहायता पुर्याउने उदेश्यले दमक नगर सभाबाट यस दमक विपद व्यवस्थापन कोषको स्थापना गरीएको छ ।

**परिच्छेद – १**

१) संक्षिप्त नाम र प्रारम्भ:-

१ यस कोषको नाम " **दमक विपद व्यवस्थापन कोष** " **२०७४** हुनेछ ।

२) यो कोष तुरुन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा

**१ "नगरपालिका"** भन्नाले दमक नगर कार्यपालिका सम्झनु पर्नेछ ।
**२ "अध्यक्ष"** भन्नाले कोष परिचालन समितिको “अध्यक्ष” सम्झनु पर्नेछ ।
**३ "उपाध्यक्ष"** भन्नाले कोष परिचालन समितिको “उपाध्यक्ष” सम्झनु पर्ने छ ।
**४ "सचिव"** भन्नाले कोष परिचालन समितिको “सचिव” सम्झनु पर्नेछ ।
**५ "सदस्य"** भन्नाले कोष परिचालन समितिको “सदस्य” सम्झनु पर्ने छ ।

**३ यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुन सक्नेछन :-**

१ नगरपालिकाले छुट्याएको रकम
२ दमक भित्र र बाहिर रहेका बैंक बित्तिय संस्था र सहकारीहरुबाट प्रदान गरिने रकम
३ समाजसेवी महानुभावहरुले प्रदान गरेको रकम
४ विपद व्यवस्थापन समितिबाट संकलित रकम
५ नेपाल सरकारबाट प्रदान हुने रकम
६ स्वदेशी तथा बिदेशी दाताहरु बाट प्राप्त हुने रकम

**४ कोष परिचालन सम्बन्धि व्यवस्था :-** यस कोषको परिचालन गर्ने देहाय बमोजिमको ११ सदसिय कोष परिचालन समिति नगरपालिकाले गठन गर्नेछ :-

| | | |
|---|---|---|
| अध्यक्ष | नगर प्रमुख | १ जना |
| उपाध्यक्ष | अध्यक्ष:- नेपाल रेडक्रस सोसाइटी उपशाखा, दमक | १ जना |
| सचिव | कार्यकारी अधिकृत ,दमक नगरपालिकाका | १ जना |
| सदस्य | अध्यक्ष,दमक उद्योग वाणिज्य संघ वा निजले तोकेको प्रतिनिधी | १ जना |
| सदस्य | बित्तीय संस्थाका कोषमा उपल्लो अंक रकम प्रदान गर्ने पुरुष – | १ जना |

| | | |
|---|---|---|
| सदस्य | बित्तीय संस्थाका कोषमा उपल्लो अंक रकम प्रदान गर्ने महिला – | १ जना |
| सदस्य | कोषमा उपल्लो अंक रकम प्रदान गर्ने सहकारी संस्था, पुरुष – | १ जना |
| सदस्य | कोषमा उपल्लो अंक रकम प्रदान गर्ने सहकारी संस्था, महिला – | १ जना |
| सदस्य | इलाका प्रहरी कार्यालय दमकका प्रमुख वा निजले तोकेको प्रतिनिधी | १ जना |
| सदस्य | कोषमा उपल्लो अंक रकम प्रदान गर्ने पुरुष – | १ जना |
| सदस्य | कोषमा उपल्लो अंक रकम प्रदान गर्ने महिला – | १ जना |

(कोषाध्यक्ष यसै समितिबाट छनौट गर्न सकिनेछ ।)

**५ कोषका स्थायी सदस्य :-** यस कोषमा रकम जम्मा गर्ने तपशिलका संस्था ब्यक्तिहरु यस कोषका स्थायी सदस्य रहने छन

१ नगरपालिका

२ एक मुष्ठ वा किस्ताबन्दीमा ५ बर्ष भित्र रु.५,००,०००।– रकम प्रदान गर्ने व्यक्ति वा संस्था

३ एक मुष्ठ वा किस्ताबन्दीमा ३ बर्ष भित्र रु.३,००,०००।– रकम प्रदान गर्ने ब्यक्ति

**६. कोषका साधारण सदस्य :** यस कोषका देहाय बमोजिमका सदस्यले साधारण सभामा भाग लिने छन **:-**

**६.** १ कोषका स्थायी सदस्य

**६.** २ बार्षिक रु.१००००।- कोषमा रकम जम्मा गर्ने व्यक्ति वा संस्था यस कोषका साधारण सदस्य रहनेछन

**६.**३ साधारण सदस्यले प्रत्येक बर्ष कोषमा रकम जम्मा गर्नु पर्नेछ । कोषमा रकम जम्मा नगर्ने सदस्य स्वत: हटने छन । पुन: रकम जम्मा गरेमा पुन: सदस्य बन्न सक्ने छन ।

**६.** ४ रु.५००००।– कोषमा जम्मा गर्ने व्यक्ति १०बर्षका लागि सदस्य बन्न सक्नेछन ।

**७. कोषको साधारण सभा**

**७.** १ कोषको साधारण सभा प्रत्येक बर्षको भाद्र २५गते हुनेछ । त्यसको अध्यक्षता नगर प्रमुखले गर्नेछन । सचिवद्धारा कार्यक्रम सचालन गरिने छ ।

**७.** २ कोषको सभा बस्न कुल सदस्यको ५१ प्रतिशत संख्यालाइ गणपुरक संख्या मानिनेछ ।

**७.** ३ पहिलो सभा गणपुरक नभए सार्वजनिक सूचना दिइ ७ (सात) दिन सचिवले सभा बोलाउने छन सो सभामा कुल सदस्यको ३३ प्रतिशत सख्या उपस्थित भएमा गण पुरक भएको मानिनेछ र सो सभामा समेत ३३ प्रतिशत संख्या उपस्थित नभएमा अर्को सूचना दिइ ५(पाँच) दिन भित्र तेश्रो सभा बोलाइनेछ ।जसको गण पुरक संख्या उपस्थितिलाइ नै मान्यता गरिने छ ।

**८. कोष परिचालन समितिको काम कर्तव्य**

**८.१** कोषको परिचालन गर्ने

**८. २** कोषको खर्च / आम्दानीको हिसाव राख्ने ।

**८. ३** कोषको लेखा परिक्षण गराउने ।

**८.** ४ कोषमा जिन्सी वा नगदी रकम जुटाउन पहल गर्ने ।

**८.५** कोषमा रकम प्रदान गर्ने व्यक्ति वा संस्थालाइ प्रेरणा र प्रोत्साहन गर्ने ।

**८.** ६ कोष परिचालन समितिको कार्य विभाजन गर्ने ।

**८.** ७ कोषको साधारण सभा बाट आम्दानी तथा खर्च विवरणको अनुमोदन गराउने ।

**८.** ८ साधारण सभा गर्ने ।

८.९ राष्ट्रिय तथा अन्तराष्ट्रिय दाता संग समन्वय गरी कोष बृद्धी गर्ने ।

८.१० राहत र उद्धार सामाग्री संकलन र खरिद गरी सुरक्षण गर्ने ।

८.११ उद्धार राहत बितरणको टोली निर्माण र परिचालन गर्ने ।

**९. कोष परिचालन सम्बन्धि व्यवस्था**

९. १ कोषमा जम्मा भएको रकम मान्यता प्राप्त बाणिज्य बैकमा खाता खोली संचालन गरिने छ ।

९.२ कोष परिचालन अध्यक्ष सचिव र उपल्लो अंक प्रदान गर्ने संस्थाको कोष परिचालन समिति सदस्य(कोषाध्यक्ष)को संयुक्त हस्ताक्षर बाट संचालन गरिने छ ।

१०.३ कोषको रकम आम्दानी तथा खर्च कम्प्युटर प्रणालीबाट सचालन गरिनेछ ।

**१०. कोषबाट खर्च गरिने क्षेत्रहरु** : यस कोषमा जम्मा भएको रकम देहायका बिषयहरुमा मात्र खर्च गरिनेछ :-

**१०.१** बाढी पैरो बाट पुगेको मानविय र भौतिक क्षति ( घर, लता कपडा, खाध्यान्न ,पशु आदि )

**१०.२** आगलागी बिद्युतिय प्रकोप बाट भएको मानविय र भौतिक क्षति

**१०.३** महामारी रोगहरु (हैजा, बर्डफ्लु, स्वाइनफ्लु ,डेङ्गु ,मनेन्जाइटिस, इन्सीफ्लाइटिस आदि)

**१०.४** भूकम्प पिडित

**१०.५** खडेरी पिडित

**१०.६** अन्य विपदमा परेका व्यक्ति वा परिवार ।

**१०.७** खर्च गर्दा नगद वा जिन्सी (लता कपडा, औषधी ,खाध्यान्न,पानी, पाल, त्रिपाल ,गिलास ,भाँडाबर्तन आदि )मा गरिनेछ ।

**१०.८** विपदको अवस्था हेरी नगरपालिका क्षेत्र देखी बाहिर पनि खर्च गर्न सकिने छ । सो सम्बन्धमा रु.३०००००।– भन्दा माथिको रकम नगर क्षेत्र बाहिर खर्च गर्नु परे कार्यपालिकाको बैठक बाट निर्णय गर्नु पर्नेछ ।

**११. लेखा परिक्षण र सार्वजनिक** : कोषको आम्दानी तथा खर्चको लेखा परिक्षण देहाय बमोजिम गरिनेछ :-

**११.१** रु.५०,००,०००।–सम्मको "ख"वर्गको RA लेखा परिक्षक बाट

**११.२** सो भन्दा माथि CA बाट नगरपालिकाले गराउने छ ।

**११.३** लेखा परिक्षण प्रतिवेदन कोष परिचालन समितिले साधारण सभामा पेश गरी अनुमोदन गर्नु पर्नेछ ।

**११.४** राहत प्रदान गरिएको नगद जिन्सी तत्काल स्थानीय मिडिया मार्फत सार्वजनिक गरिनेछ ।

**१२. कोषको सभा** : कोषको सभाका सदस्य निम्नानुसार हुनेछन :-

**१२.१** नगर कार्यपालिकाका सदस्यहरु

**१२.२** कोषमा रु.१०,०००।–भन्दा माथि रकम जम्मा गर्ने व्यक्ति वा संघ संस्थाहरु

**१२.३** रु.१०,०००।– बरावरको जिन्सी सामाग्री प्रदान गर्ने व्यक्ति वा संघ संस्था

**१३. कोषमा प्राप्त हुने रकम** : यस कोषमा प्राप्त हुने रकम निम्न प्रकृयाबाट स्वीकार गरिनेछ :-

**१३.१** रु.५००।–भन्दा घटीको रकम रकम दान पेटिका मार्फत

**१३.२** रु.५००।– भन्दा माथि रु.५०००।–सम्मको रकम नगदी रसिद बाट ।

**१३.३** रु.५०००।–भन्दा माथिको रकम बैक भौचरबाट । कोषको खाता नखोलिएको अवस्थामा नगरपालिकाको खाता बाट (न.पा.को खातामा जम्मा गर्दा राहत कोष भनि शिर्षक उल्लेख गरी )

१३.४ कोषमा रकम जम्मा गर्न बर्षमा एक पटक आव्हान गरिनेछ । नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिले तोकिएको विवरणको फाराम भर्नु पर्नेछ ।

१३.५ आपतकालिन अवस्थाको लागि तत्काल नगद वा जिन्सी सहायता गर्न सकिने छ ।

१३. ६ माथिका बुदाहरुमा जे लेखिएको भएता पनि स्वदेशी तथा बिदेशी दाताहरु बाट प्राप्त हुने रकम दाताको इच्छा अनुसार उक्त कोषको खातामा जम्मा भइ आएमा स्वीकार्य हुनेछ ।

## १४. निर्देशिका संसोधन सम्बन्धमा

१४.१ यो दमक बिपद व्यवस्थापन कोष समय सापेक्ष परिवर्तन(संसोधन)गर्न सकिनेछ ।

१४.२ निर्देशिका परिवर्तन गर्नु परे कोष परिचालन समितिले एक उप समिति गठन गरी वा आफैले परिवर्तन गरी साधारण सभाबाट पारित गर्नेछ ।

## १५. बिबिध

१५.१ यस निर्देशिकामा उल्लेख गरिएका विषयहरु नेपाल सरकार तथा नगरपालिकाको नीति नियम र कानून संग बाझिएमा नेपाल सरकारको कानून अनुसार हुनेछ ।

१५.२ यो कोषको मुख्य संरक्षक नेपाल सरकार अन्तर्गत दमक नगरपालिका हुनेछ ।

१५. ३ यस निर्देशिकालाइ परिमार्जन गर्ने अधिकार नगरपालिका र व्यवस्थापन समितिमा निहित हुनेछ ।

## कोषमा सहायता गर्ने व्यक्ति वा संस्थाले भर्नु पर्ने फारामको ढाँचा

मिति २०७४/ /

१ व्यक्ति वा संस्थाको नाम :-

२ किसिम:- नाफा मुलक / सेवारत

३ व्यक्ति वा संस्थाको ठेगाना :-

४ संस्था भए

दर्ता भएको स्थान :-

संचालन समय :-

५ संस्थामा आबद्ध संख्या :-

६ कोषमा जम्मा गर्न चाहेको रकम :-

क) एकमुष्ठ ख) किस्ताबन्दी

७ कोषमा जम्मा गर्न चाहेको जिन्सी सामाग्री

क ) विवरण

ख) परिणाम

ग) अनुमानित मुल्य

व्यक्ति वा संस्थाको प्रोपाइटर/अध्यक्ष

नाम थर :-

ठेगाना:-

व्यक्ति वा संस्थाको सम्पर्क नं.

इमेल